प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २७२ ॥ २०८१ मंसिर ०७ गते शुक्रबार (22nd Nov 2024 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

खतरनाक उल्टा काँडाको बिर्तामोडमा झाडी नै झाडी

झापा(प्रस) । प्रतिदिन दैनिकको कार्यालय उत्तरपट्टिको खाली जग्गामा तीन वर्षअघि उल्टा काँडाका दुई चारवटा झार मात्र थिए । अहिले करिव पाँच कठ्ठा त्यो खाली जग्गा पुरै उल्टा काँडाले भरिएर त्यसका लहरा छेउछाउका घरहरुमा समेत पस्न थालिसकेको छ ।

अन्य छिमेकीका घरसंगै प्रतिदिन दैनिकको कार्यालयमा पनि उल्टा काँडाका लहरा छिर्न थालेको बजार व्यवस्थापक माधव खनालले बताए । मिचाहा प्रजातिको उल्टा काँडाले किसानलाई मात्र दुःख दिएको छैन, शहरी क्षेत्रमा पनि यसले हैरान पारेको छ । 'काँडा भएका कारण मुश्किलले सफा गर्यो फेरि उम्रिहाल्छ ' व्यवस्थापक खनालले भने ।

यसको वृद्धि र फैलावट छिटो हुन्छ र धेरै बीउहरू उत्पादन गर्न सक्छ। वर्षाको सुरुवातसंगै यसको वृद्धि सुरु हुन्छ र चैतसम्ममा यसको झाडी सुकिसक्छ । असोज कात्तिकमा यसको फूल फुल्ने तथा कात्तिक मंसिरमा फल लाग्ने र माघ फागुनसम्ममा फल पाकिसक्छ ।

एउटै बिरुवाले हजारौंको संख्यामा बीउ उत्पादन गर्न सक्छ । एक अध्ययन अनुसार यसले १ वर्ग मिटर क्षेत्रफलमा १२ हजारसम्म बीउ उत्पादन गर्न सक्दछ । यसका बीउहरू पानीको बहावसंगै नदीको बालुवा ओसारपसार गर्दा र चरा वा अन्य जनावरको माध्यमवाट एक ठाउँबाट अर्को ठाउँमा सहजै प्रसारण हुन्छन् । यस वनस्पतिको झाडीमा आगलागी भयो भने बीउहरू नष्ट हुनुको साटो आगोले यसको बीउ अंकुरणमा झन् सहयोगी भूमिका खेल्दछ । बिर्तामोडको घडेरी , प्लटिङ, बाटो , खोलाको किनारलगायतका ठाउँमा उल्टा काँडा फैलिएको नगरपालिकाका कृषि शाखा प्रमुख राजेन्द्र कडरियाले बताए । उनले किसानका खेतमा फैलिन थालिसकेको उल्टा काँडा झारले विगत तीन-चार वर्षदेखि सबैलाई दुःख दिइरहेको बताए ।

यो वनस्पति नेपालको झापा, मोरङ र सुनसरी जिल्लामा मात्र पाइने गरेको अभिलेख रहेको छ ।तर, वरिपरिका अन्य जिल्लाहरुमा पनि यो हुन सक्ने सम्भावना छ। नेपालमा यो कहिले भित्रियो भन्ने यकिन नभएतापनि झापा जिल्लाका स्थानीयहरूका अनुसार यो वनस्पति देखिन थालेको २० देखि ३० वर्ष भइसकेको छ । करिव ३० वर्ष अगाडि चिया बगानहरुले माटो सुधार गर्नका लागि उल्टा काँडा झार भित्र्याएको अनुमान गरिएको छ ।

उल्टा काँडा झाडीजस्तै गरी फैलने बहुवर्षीय वनस्पति हो। यसको बोट झट्ट हेर्दा अरेली काँडाजस्तै र पात लज्जावती झारको जस्तै देखिन्छ । यसको काण्डमा घोप्टो परेका काँडाका साथै मसिना झुस पनि हुन्छन्। यो वनस्पति लहराजस्तै गरी जमिनमा फैलिने गर्छ । अन्य बुट्यान र रुखबिरुवाको टेको पाएमा पाँच मिटरभन्दा लामो पनि हुन्छ। काँडा र पातको कापमा र काण्डको टुप्पामा गुलावी रङका फूलहरू फुल्छन् र फूलहरू अरेली काँडा वा लज्जावती झारको जस्तै गोला देखिन्छन् । फलहरू ३ से.मी.सम्म लामा कोशा र ३० वटा सम्मको झुप्पामा फलेका हुन्छन् । कोशामा समेत मसिना बाक्ला काँडाहरू हुन्छन् ।

खोला किनार तथा बगर, खुला ठाउँ, पातलो जंगल, सडक छेउछाउ र भर्खरै ग्राभेल गरेको बाटो वरिपरि यसको घनत्व बढी हुन्छ । उल्टा काँडाले निकै नै असर गर्ने गरेको छ । उल्टा काँडा झारले अतिक्रमण गरेका ठाउँमा खेतीवाली, चरन र वन क्षेत्रमा नकारात्मक असर पार्दछ । यो वनस्पतिले उखु, नरिवल, चिया, कफी, केरा र रबर खेतीमा समेत क्षति पुर्याएको छ। घना झाडी र बाक्लो काँडा हुने हुँदा यसले अतिक्रमण गरेको जमिनमा र यसको झाडीमुनि चराचुरुङ्गी, मुसा, भ्यागुता, सर्प र अन्य वनस्पति केही पनि बाँच्ने सम्भावना निकै कम हुन्छ। तसर्थ यसले रैथाने जैविक विविधतामा नकारात्मक असर पुर्याउँछ। यो वनस्पतिमा मिमोसिन नामक एक बिषालु रसायन हुने र उक्त रसायन चौपायाको लागि घातक हुन्छ। यो वनस्पतिमा चरेको कारणले वा यसलाई घाँसको रूपमा खुवाउँदा झापा र मोरङमा धेरै गाई, गोरु , राँगा ,बाखा मरिसकेका छन् । खेतीबालीको नजिकमा यसको वृद्धिले किसानलाई खेती स्याहार्न अप्ठेरो परेको छ । यसलाई फा'डने क्रममा काँडाले घोचेर घाउ हुने र मसिनो झुस बिझेर छालाको एलर्जी समेत हुन्छ भने यो फैलिएको ठाउँमा मानिस र जनावरको आवागमनमा समेत समस्या हुन्छ । यसैबीच उल्टा काँडा झार नियन्त्रणसम्बन्धी अन्तरक्रिया बुधवार बिर्तामोडमा सम्पन्न भएको छ । फरेस्ट एक्सन नेपालको जलथल जैविक विविधता व्यवस्थापन कार्यक्रमअन्तर्गत बिर्तामोड नगरपालिकाको आयोजना र समन्वयमा अन्तरक्रिया गरिएको हो । उल्टाकाँडा झारको स्थानीय स्तरमा नियन्त्रण र सचेतना अभियानका लागि अन्तरक्रिया गरिएको फरेस्ट एक्सन नेपालका कार्यक्रम संयोजक डा. लीलानाथ शर्माले जानकारी दिए । नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, कृषि तथा पशु शाखाका कर्मचारी, वडाका जनप्रतिनिधि र कृषक गरी ५० जनाको उपस्थिति रहेको कार्यक्रममा उल्टा काँडा नेपालका लागि अति हानिकारक र उच्च जोखिमयुक्त मिचाहा प्रजातिमध्ये एक भएकाले अहिले मंसिरको समयमा यसको फल/कोशा लाग्न सुरु भइसकेको हुँदा यसलाई कोसा लाग्न नदिन समयमै नियन्त्रण गरी क्षति न्यूनीकरण गर्न जोड दिइएको थियो । कार्यक्रममा फरेस्ट एक्सन नेपालकी फिल्ड अधिकृत मुना भट्टराईले सहजीकरण गरेकी थिइन् ।यसैबीच बिर्तामोड १० मा उल्टा काँडा झारले निकै दुःख दिएपछि स्थानीय टोल विकास संस्थाको अगुवाईमा मंसिर ९ गते उल्टा काँडा झार फाँड्ने कार्यक्रम राखिएको कृषि शाखा प्रमुख कडरियाले जानकारी दिएका छन् । उनले अति खतरनाक उल्टा काँडा झारले अझै दुःख दिने भएकाले सबैले मिलेर यसलाई निर्मूल पार्न आव्हान गरेका छन् ।

दुईवटा मोटरसाइकल जुध्दा दुई जनाको मृत्यु

झापा(प्रस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मोरङको उर्लाबारी नगरपालिका-३ नयाँ मंगलबारेमा बिहीवार अपरान्ह मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।

प्रहरीका अनुसार दुईवटा मोटरसाइकल एकआपसमा ठक्कर खाएर अपरान्ह ४:४५ बजेतिर दुर्घटना भएको हो। पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश १-०२-०५० प ८४०६ र पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०२-०४३ प ९२२६ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना भएको मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरियाले जानकारी दिए।

उनका अनुसार दुर्घटनामा परेर मोरङको पथरीशनिश्चरे नगरपालिका-५ का ३३ वर्षीय वर्षीय दीपक धिमाल र कानेपोखरी गाउँपालिका-४ रमाइलोका अन्दाजी २७/२८ वर्षीय किशोर गुरुङको मृत्यु भएको हो । दुर्घटनामा परेर गम्भीर घाइते भएपछि उपचारका लागि धिमाललाई उर्लाबारीकै अरनिको अस्पताल र गुरुङलाई मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टर लगिएको थियो। अस्पताल पुऱ्याउनसाथ दुवै जनालाई चिकित्सकले मृत घोषित गरेको जानकारी प्रहरीले दिएको छ। प्रहरीका अनुसार दुर्घटनामा परेर दुई जना गम्भीर घाइते भएका छन्। कानेपोखरी-४ का अन्दाजी २५/२६ वर्षीय अमृत लिम्बू र पथरीशनिश्चरे-५ का ३७/३८ वर्षीय विष्णु धिमाल घाइते भएको एसपी चिमरियाले बताए।

उनका अनुसार उर्लाबारीमा सम्भव नभएपछि उनीहरूलाई थप उपचारका लागि बिर्तामोडस्थित बीएन्डसी अस्पताल ल्याइएको छ। दुर्घटनामा परेर दुवै मोटरसाइकल पूर्णरूपमा क्षतिग्रस्त भएका छन्।

इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर राकेश यादव नेतृत्वको टोलीले घटनाको थप अनुसन्धान गरिरहेको छ।

बिर्तामोडमा सामुदायिक कुकुर बन्ध्याकरण शिविर

बिर्तामोड(प्रस) । बिर्तामोडमा सामुदायिक कुकुर बन्ध्याकरण शिविर सुरु भएको छ ।

नगरपालिकाको आयोजनामा दुई दिने शिविर बिहीवारदेखि पशुपंछी तथा मत्स्य विकास शाखाको कार्यालय वडा नम्बर ४ मा सुरु भएको हो ।

एक संक्षिप्त कार्यक्रममा बोल्दै नगर प्रमुख पवित्रा महतारा प्रसाईले नगरका सबै वडाबाट सामुदायिक कुकुर संकलन गरेर बन्ध्याकरण गर्न निर्देशन दिएकी छन् । छाडा कुकुरका कारण विभिन्न प्रकारका दुर्घटना, रेबिज, अन्नबालीमा समेत क्षति हुने गरेकोले यसको नियन्त्रणका लागि यो शिविर महत्वपूर्ण रहेको उनले बताइन् ।

यस पटक २ सय वटा सामुदायिक कुकुरको वन्ध्याकरण गरिने पशुपंछी तथा मत्स्य विकास शाखाका प्रमुख डाक्टर नगेन्द्र खड्काले जानकारी दिए । बिर्तामोडमा सामुदायिक कुकुरको बन्ध्याकरण हरेक वर्ष हुँदै आएको छ । यस वर्ष हाम्रो भेटेरिनरी सहकारी संस्था बिर्तामोडले प्राविधिक सहयोग उपलव्ध गराएको छ । यस संस्थाका चिकित्सकसहित १२ जनाभन्दा बढी जनशक्ति शिविरमा खटिएका छन्।

यस वर्ष ५ लाख रुपैयाँ बजेट यस शिर्षकमा छुट्टिएको र सोहि अनुसार शिविर सञ्चालन गरिएको शाखाकी अधिकृत सावित्रा दाहालले जानकारी दिइन् । उनका अनुसार एउटा कुकुरको बन्ध्याकरण खर्च दुई हजार ६५० रुपैयाँ हुने गरेको छ । कार्यपालिका सदस्य तथा आर्थिक विकास समिति संयोजक सदस्य सिता ढुङ्गाना विश्वकर्माको अध्यक्षतामा आयोजित शिविर उद्घाटन कार्यक्रममा वडा नम्बर ४ का वडाध्यक्ष राहुल शर्मा, नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलचन भण्डारी, वडा नम्बर ८ का वडासदस्य अग्निप्रसाद सिटौलालगायतको उपस्थिति रहेको थियो ।

कन्काई ६ मा उम्मेद्वारहरुको चुनावी घरदैलो

झापा(प्रस) । झापाको कन्काई ६ मा दश दिनपछि हुन गइरहेको उपनिर्वाचनका लागि उम्मेद्वारहरुले चुनावी घरदैलो शुरु गरेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले उम्मेद्वारहरुको अन्तिम नामावली सार्वजनिक गरेको भोलिपल्ट बिहीवारदेखि उम्मेद्वारहरुले घरदैलो शुरु गरेका हुन् । नेकपा एमाले कन्काई ६ नं वडा कमिटी अध्यक्ष बृहष्पति ओलीको नेतृत्वमा वडा अध्यक्ष पदका एमाले उम्मेद्वार तुलाराम बस्नेतसहितले घरदैलो शुरु गरेका हुन् । सिटी सफारीमा सूर्यअंकित झण्डा र साउण्ड बक्ससहित एमालेले घरदैलो कार्यक्रम गरिरहेको छ ।

त्यस्तै स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओलीले आफ्नो चुनाव चिन्ह चापाकलसहित मतदाताको घर-घरमा भोट मागिरहेका छन् ।

त्यस्तै कांग्रेस उम्मेद्वार रामगोपाल ओलीले समूह बनाई घरदैलो कार्यक्रम गरिरहेका छन् भने माओवादी उम्मेद्वार गणेशबहादुर थापाले पनि झण्डा र साउण्ड बक्ससहित सामूहिक रुपमा घरघरमा पुगेर भोट मागिरहेका छन् ।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष केशब ओझाको नेतृत्वमा पार्टीका वडा अध्यक्ष पदका उम्मेद्वार नारायण निरौलासहित सिटी सफारीमा साउण्ड बक्समा नाराहरु बजाउँदै घरदैलो गरिरहेको पाइएको छ ।त्यस्तै मंगोल नेशनल अर्गनाइजेसन , जनमत पार्टी , नागरिक उन्मुक्ति पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मंचका उम्मेद्वारहरुले पनि घर-घरमा पुगेर चुनाव प्रचार प्रसार गरिरहेका छन् ।

९ जनाकै उम्मेदवारी कायम

झापा(प्रस) । झापाको कनकाई ६ मा वडाध्यक्ष पदका लागि मनोनयन दर्ता गराएका ९ जनाकै उम्मेदवारी कायम भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले बुधबार अपरान्ह सार्वजनिक गरेको अन्तिम नामावली अनुसार मनोनयनपत्र दर्ता गराएका सबैको उम्मेदवारी कायम भएको हो। वडा अध्यक्षका लागि स्वतन्त्र उम्मेदवारी दिएका लक्ष्मीप्रसाद ओलीले 'चापाकल' चुनाव चिन्ह पाएका छन्।

वडा अध्यक्षका लागि ८ वटा राजनीतिक दल र एकजना स्वतन्त्रसहित गरेर ९ जनाले उम्मेदवारी दर्ता गराएका थिए। सबैको उम्मेदवारी कायम भएको मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुईटेलले जानकारी दिए। मुख्य निर्वाचन अधिकृतको कार्यालयले बुधबार दिउँसो १ बजेसम्म इच्छुकका लागि उम्मेदवारी फिर्ता लिने समय तोकेको थियो। तर, निर्धारित समयसम्म कसैले उम्मेदवारी फिर्ता लिएनन्। त्यसपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारहरुलाई चुनाव चिन्ह प्रदान गरेको छ।

कनकाई ६ को वडाध्यक्षका लागि स्वतन्त्र उम्मेद्वार लक्ष्मीप्रसाद

❖ बाँकी अन्तिम पृष्ठमा

गावो विश्वस्य मातरः
हार्दिक निमन्त्रणा
श्रीशताक्षी गोरक्षा महोत्सव २०८१
धनधान्याचल ज्ञान महायज्ञ
पञ्चकुण्डिय श्रीरुद्र महायज्ञ, श्रीतुलसी शालिग्राम श्रीसीताराम विवाह
तथा लिंग महापुराण कथा प्रवचन,
५१ फिट अग्लो रुद्राक्षको पार्थिव शिवलिंगमा विषेश अर्चना
२०८१ मंसिर १४ देखी २४ गते
29 Nov to 09 Dec , 2024
सोमबार पर्यन्त
आयोजक
श्री शताक्षीधाम गोलोक गोवर्धन गौशाला
श्री शताक्षीधाम धार्मिक तथा पर्यटन विकास समिति

पाथीभरा क्षेत्रमा हिमपात

झापा(प्रस) । ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा (मुक्कुमलुङ) मा हिमपात भएको छ । तीन हजार ७९४ मिटर उचाइ रहेको पाथीभरा क्षेत्रमा यसवर्ष पहिलो पटक हिमपात भएको हो । पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार बुधबार राति १२ बजे पछिदेखि सामान्य हिमपात सुरु भएको हो । पाभीभरा धाम परिसरभन्दा केही तलसम्म हिउँ परेको महतले जानकारी दिए । उनका अनुसार अहिले पनि पाथीभरा क्षेत्रमा छार्के अर्थात फाटफुट्ट हिमपात भइरहेको छ ।

पाथीभरा क्षेत्रमा कुनै वर्ष असोज महिनामै हिमपात हुने गरेको थियो । यसवर्ष भने बुधबार राति पहिलो पटक हिमपात भएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङले बताए । हिमपातको मौसम सुरु भएकाले पाथीभरा दर्शन गर्ने भक्तजनलाई आफ्नो स्वास्थ्यलाई समेत दृष्टिगत गर्न अर्थात चिसो समयमा अपनाउनुपर्ने स्वास्थ्य सावधानीबारे ध्यान दिन आग्रह गरेका छन् ।

पाथीभरा क्षेत्रसँगै जिल्लाको उच्च हिमाली भेगमा सामान्य हिमपात भएको स्थानीयले बताएका छन् । फक्ताङ्लुङ गाउँपालिका -६ लेलेपको घुन्सा, फले, वडा -७ ओलाङ्चुङगोला, याङ्मा बस्तीका माथिल्लो भेगहरुमा हिमपात भएको ओलाङ्चुङगोलाका स्थानीय तेन्जिङ वालुङले जानकारी दिए । स्थानीयका अनुसार चार हजारभन्दा बढी उचाइ रहेको हिमाली क्षेत्रमा सामान्य हिउँ पर्न सुरु भएको छ ।

यता हिमपात भएपछि जिल्लामा चिसो निकै बढेको छ । सदरमुकाम फुङ्लिङसहित जिल्लाभर तुलनात्मक रुपमा चिसो अनुभूति हुन थालेको छ । जल तथा मौसम विज्ञान कार्यालय धरान, ताप्लेजुङ फिल्ड कार्यालयका अनुसार बिहीबार बिहानको यहाँको न्युनतम् तापक्रम १०.२ डिग्री सेल्सियस मापन गरिएको छ ।

अधिकारी कात्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी

झापा(प्रस) । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले प्रहरी चौकी चिचिला संखुवासभामा कार्यरत प्रहरी सहायक निरीक्षक सूर्यप्रसाद अधिकारीलाई कात्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको छ ।

प्रहरी सहायक निरीक्षक अधिकारीले गत कात्तिक १० गते संखुवासभाको चिचिला गाउँपालिका-४ का ४५ बर्षीय पुरुषलाई खुकुरी प्रहार गरी हत्या गरेको घटनामा संलग्नलाई खुकुरीसहित पक्राउ गर्न सफल भएका थिए । त्यस्तै कात्तिक १८ गते चिचिला गाउँपालिका-३ बस्ने दुई व्यक्तिहरुवीच आपसमा विवाद हुँदा ढुङ्गा प्रहार गरी एक व्यक्तिलाई भिरबाट फालेको भन्ने सूचनाको आधारमा घटनास्थलमा खटिएर शव भीरमा अड्किएको अवस्थामा फेला पारी घटनामा संलग्न ४ जना व्यक्तिहरुलाई नियन्त्रणमा लिन सफल भएका थिए ।

आम जनमानसमा प्रहरी संगठनको छवि उच्च बनाउने कार्य गरेको हुँदा सम्पादित कार्यको मूल्याङ्कन गर्दै प्रहरी सहायक निरीक्षक अधिकारीलाई कात्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

साबिक चारपानेका जग्गाको धनीपुर्जा वितरण गरिँदै

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
नापी कार्यालय झापा, भद्रपुर
२ नं. नापी टोली
बिर्तामोड, झापा

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका वडा नं २ को साबिक चारपाने गा.वि.स.वडा नं-२ देखि ९ सम्मका पुनः नाप नक्सा भएर हाल साविक गरिएका जग्गाहरुको शुक्रवारदेखि जग्गा धनीपुर्जा वितरण गरिने भएको छ । २ नं नापी टोलीले पुनः नाप नक्सा कार्य सम्पन्न गरी हाल साविक गरेका जग्गाहरुको धनी पूर्जा वितरण गर्न लागिएको हो । शुक्रवार दिउँसो १ बजे एक औपचारिक कार्यक्रम गरी जग्गा धनीपुर्जा वितरण कार्यक्रम शुरु गर्न लागिएको २ नं नापी टोलीका प्रमुख सरोजकुमार बि.के.ले जानकारी दिए । हालसम्म दर्ता प्रक्रियाबाट जग्गा धनीपुर्जा र श्रेस्ता बनाउने काम भइरहेको र २ नं नापी टोलीबाट बनिसकेका धनीपुर्जा बितरण गरिने उनले जानकारी दिए । बिर्तामोड २ का वडाध्यक्ष किशोरकुमार पौड्यालले २ नं नापी टोली बिर्तामोडमा सम्पर्क राखेर धनीपुर्जा लिन आग्रह गरेका छन् । भाटभटेनी उत्तर पञ्चकन्या प्लटिङमा कार्यालय खोलेर २ नं नापी टोलीले धमाधम कार्य गरिरहेको छ ।

श्रम स्वीकृति लिने बढे

झापा(प्रस) । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या बढेको छ । वैदेशिक रोजगार विभागका अनुसार गत आव २०८०/८१ को चार महिनाको तुलनामा चालु आवको सो अवधिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या झन्डै १५ प्रतिशतले बढेको हो ।

विभागका अनुसार चालु आवको चार महिनामा वैदेशिक रोजगारीका लागि दुई लाख ४१ हजार ५८३ जनाले श्रम स्वीकृति लिएकामा गत आवको सो अवधिमा दुई लाख छ हजार ३१६ जनाले श्रम स्वीकृति लिएर विदेश गएका थिए । वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश जानेको संख्या गत आवको संख्याभन्दा यो आवको ३५ हजार २६७ जना (१४.५९ प्रतिशत) ले बढी हो ।

चालु आवको कात्तिकमा सबैभन्दा बढी ७० हजार ९९० जनाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । गत आवको कात्तिकमा भने ५६ हजार २३५ जनाले श्रम स्वीकृति लिएका थिए । गत आवको सो अवधिमा भने सबैभन्दा बढी साउनमा ५६ हजार ४९३ जनाले श्रम स्वीकृति लिएका थिए ।

विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले चालु आवको कात्तिकमा सबैभन्दा धेरै श्रम स्वीकृति जारी भएको जानकारी दिए । पछिल्लो समय विश्वव्यापी आर्थिक मन्दीका कारण श्रम गन्तव्य देशमा रोजगारीका क्षेत्रमा संकुचन आए पनि रोजगारीका लागि जानेको संख्या बढेको देखिन्छ । चालु आवको साउनमा ५९ हजार ५७५, भदौमा ५७ हजार ४९३ र असोजमा ५३ हजार ५२५ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

वैदेशिक रोजगार विभाग
बुद्धनगर, काठमाडौं

मलेसिया जाने नेपाली श्रमिकको संख्या घटे पनि गत आवदेखि नै संयुक्त अरब इमिरेट्स (युएई), कतार र साउदी अरब जाने बढेसँगै श्रम स्वीकृति लिनेको संख्या बढेको हो । नेपालीका दसैँतिहार जस्ता ठुला चाडपर्व मनाउन नेपाल आएर फर्किने बढेकाले पनि कात्तिकमा अघिल्ला महिनाको भन्दा संख्या बढेको विभागका निर्देशक सुवेदीले बताए । उनका अनुसार दसैँतिहार र छठ मनाएर फर्किने धेरै भएकाले नेपाली श्रमिकको संख्या मंसिरमा पनि कात्तिककै हाराहारीमा हुने अनुमान छ ।

नकलबन्दा टी-इस्टेटले हडपेको सरकारी जमिनमा डोजर

झापा(प्रस) । नकलबन्दा टी इस्टेटले वर्षौंदेखि हड्पेको सरकारी जमिन खाली गराउन मेचीनगर नगरपालिकाले डोजर चलाएको छ। टी इस्टेटले कब्जा गरी प्रयोग गरिरहेको १० बिगाहभन्दा बढी सरकारी जमिनमाथि नगरपालिकाले डोजर चलाएर आफ्नो भोगचलनमा ल्याएको हो।

नगर प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेतीसहितको टोली बिहीबार डोजर लिएर जमिन खाली गराउन पुगेको थियो । टी इस्टेटले लगाएको चियाको बोटमाथि डोजर चलाएर नगरपालिकाले यो जमिन सरकारी हो भनेर ब्यानरसमेत टाँगेको छ।

मेचीनगर नगरपालिका-५ स्थित नकलबन्दा टी इस्टेटले आफूखुसी सरकार जमिन हडपेको थियो। जमिन खाली गराउन नगरपालिकाले बारम्बार लिखित पत्रसहित ताकेता गर्दा पनि त्यसतर्फ खासै चासो नदिएपछि बाध्य भएर डोजर चलाउनु परेको नगर प्रमुख बुढाथोकीले तथा मालपोत कार्यालय झापाको मिति २०४८।६।२५ छुट जमिन दर्ताको निर्णय पर्चाबाट दिनेशप्रसाद कानुको नाममा दर्ता भएका र दर्तावाल कानुले उक्त जमिनहरू र नम्बर ५७८ क मिति २०५५/६/११ को राजीनामाबाट नकलबन्दा टी इस्टेटलाई बिक्री गरी टी स्टेटको नाममा कायम हुन गएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाडौँको मिति २०६६/८/२२ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्र तथा सोही पत्र बमोजिम मालपोत कार्यालयको मिति २०६६/९/६ को सदर टिप्पणीले नकलबन्दा टी इस्टेटको नाममा कायम उल्लेखित जमिन बदर गरी नेपाल सरकारको नाममा कायम रहेको ब्यहोरा मालपोत कार्यालयले आफूहरूलाई जानकारी गराएको र सोही बमोजिम स्थानीय सरकारको तर्फबाट राज्यको सम्पत्ति संरक्षण गरिएको नगरप्रमुख बुढाथोकीले बताए। अब यस जमिनलाई आवश्यक छलफल गरी सदुपयोग गर्नेगरी

बताए। डोजर चलाएर १० बिगाह ५ कट्ठा ७ धुर सरकारी जमिन फिर्ता ल्याइएको नगरप्रमुख बुढाथोकीले बताए।

साबिक नकलबन्दा गाविस ७ का कित्ता नम्बरहरू ३७०, ३७१, ३७२, ३७३, ३७५, ३७६, ३७७,२७८,३७९, ३८०, ३८२, ३८३, ३८५, ३८६, ३८७, ३८९, ३९०, २३१, २३२, ३८४, ३८१ र ३९१ का जमिन भूमिसुधार नगरपालिका लाग्ने उनको भनाइ छ।

यता नगरपालिकाको यो कदम स्वागतयोग्य रहेको स्थानीयवासीको भनाइ छ। अनुमतिबिना सरकारी जमिन हडप्ने कार्य गलत भएको स्थानीय रामबहादुर राईले बताए। यो जमिनको स्थानीय सरकारले आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र सदुपयोग गर्नुपर्ने उनले बताए।

---

९ जनाकै...

ओली, नेपाली कांग्रेसबाट रामगोपाल ओली, नेकपा एमालेबाट तुलराम बस्नेत , नेकपा माओवादी केन्द्रबाट गणेशबहादुर थापा, जनमत पार्टीबाट सुकलाल राजवंशी, राप्रपाबाट नारायण निरौला , नागरिक उन्मुक्ति पार्टीबाट जमुना राजंवशी , मंगोल नेशनल अर्गनाइजेसनबाट पदमबहादुर तामाङ र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट दलबहादुर श्रेष्ठ चुनावी मैदानमा छन् ।

२०७९ सालमा भएको निर्वाचनमा नेकपा एमालेका तर्फबाट ५०८ मत प्राप्त गरी वडाध्यक्षमा विजयी दीर्घबहादुर थापाको ६६ वर्षको उमेरमा गत असारमा निधन भएपछि मंसिर १६ मा उपनिर्वाचन हुन लागेको हो ।। २०७९ को स्थानीय तहको निर्वाचनका समयमा वडा नं. ६ मा कुल दुई हजार ७१ जना मतदाता थिए । अहिले मतदाताको संख्या एक हजार पुरुष र एक हजार ५८ महिलागरी कुल दुई हजार ५८ पुगेको छ । सो वडामा १३ जना मतदाता घटेका छन् ।

इजरायली प्रधानमन्त्री नेतान्याहुविरुद्ध पक्राउ पुर्जी

एजेन्सी । अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र इजरायली पूर्वरक्षामन्त्री योआभ ग्लान्टविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । त्यसका साथै, आईसीसीका न्यायाधीशहरूले प्यालेस्टिन समूह हमासका सैन्य कमाण्डर मोहम्मद डेफलाई पक्राउ पुर्जी जारी गरेका छन् । अदालतले इजरायली प्रधानमन्त्री नेतान्याहुले अदालतको क्षेत्राधिकारलाई दिएको चुनौतीसमेत अस्वीकार गरेको छ । पक्राउ पुर्जी जारी गरिएका हमास कमाण्डर डेफ गाजामा गत जुलाईमा गरिएको हवाई आक्रमणमा मारिएका इजरायलको दाबी छ ।

अदालतका न्यायाधीशहरूले इजरायल र हमासबीचको युद्धमा ‘युद्ध अपराध’ र ‘मानवता विरुद्धको अपराध’ का लागि तीन जना व्यक्तिहरू जिम्मेवार रहेकोमा उचित आधारहरू रहेको उल्लेख गरेका बीबीसीले जनाएको छ । ती आरोपको इजरायल र हमास दुवैले अस्वीकार गरेका छन् ।

उनीहरूविरुद्ध नागरिकहरूमाथि जानाजान आक्रमण गरेको, युद्ध र हतियारको भरमा भोकमरी निम्त्याएको र निर्दोष सर्वसाधारणको हत्या गरेको आरोप छ । वारेन्ट कार्यान्वयन गर्ने वा नगर्नेबारे निर्णयको टुंगो भने अब आईसीसीका १ सय २४ सदस्य राष्ट्रहरूमा निर्भर हुने जनाइएको छ ।

आईसीसीका अभियोजक करिम खानले गत मे महिनामा नेतान्याहु, ग्लान्ट, डेफ र अन्य दुई हमास नेताहरू इस्माइल हनिया र याह्या सिनवारविरुद्ध पक्राउ पुर्जी जारी गर्न माग गरेका थिए । इजरायलले डेफको मृत्यु भइसकेको दाबी गरेको भए पनि इजलासले उनको मृत्युको पुष्टि नभएको जनाएको छ ।

उनीहरूविरुद्ध अभियोजकको मुद्दा एक वर्षअघिको घटनासँग सम्बन्धित छ । २०२३ अक्टोबर ७ मा हमास बन्दुकधारीहरूले दक्षिणी इजरायलमा गरेको आक्रमणमा करिब १ हजार २ सय जनाको ज्यान गएको थियो । त्यसका साथै, हमासले अन्य २ सय ५१ जनालाई बन्धक बनाएर लगेको थियो ।

त्यसयता इजरायलले हमासविरुद्ध गरेको सैन्य कारबाहीमा कम्तीमा ४४ हजारको ज्यान गइसकेको छ । हजारौं घाइते भएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

छेउमा आगो बालेर परालको टहरामा सुतेपछि ......

झापा(प्रस) । धान रुंनको लागि परालको टहरा बनाई सुतेका एक व्यक्तिको आगलागीमा परी संखुवासभामा मृत्यु भएको छ ।

टहरानजिक आफैले बालेको आगो सल्कन गई संखुवासभा चैनपुर- २ तिखिढुङ्गा बस्ने ४४ वर्षीय दुर्गाबहादुर अधिकारीको मृत्यु भएको हो । बुधवार बिहान करिब १:१५ बजे डढेर गम्भीर घाइते अबस्थामा फेला परेका अधिकारीलाई चैनपुर आधार भूत अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि धरान ल्याउने क्रममा बिहान ९.१५ बजे बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

खोटाङमा आगलागी, सहायक हवल्दार घाइते

झापा(प्रस) । बुधवार राति खोटाङको रावाबेसी गाउँपालिका वडा न. ४ मा आगलागी भएको छ । राति ८.१५ बजे रावाबेसी-४ डुमेधारापानी बस्ने इन्द्रबहादुर भुजेलको ढुङ्गा माटोको गारोले बनेको जस्ताको छाना भएको दुईतले घरमा एक्कासि आगलागी भएको हो ।

आगलागीको जानकारी प्राप्त हुनसाथ प्रहरी चौकी डुम्रेधारापानीबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा राति १०:३० बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगलागीबाट भएको क्षतिको विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ । यसैबीच आगो निभाउन जाने क्रममा बाटोमा लडेर प्रहरी चौकी डुम्रेधारापानी खोटाङ दरवन्दी भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक हवल्दार कोषराज कोइराला घाइते भएका छन् । दाहिने खुट्टामा चोट लागेका कोइरालाको स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको छ ।

सूचना !!

२ नं नापी टोली बिर्तामोडले बिर्तामोड नगरपालिका वडा नं ०२ (साबिक चारपाने गा.वि.स.वडा नं – ०२ देखि ०९ सम्म)को पुनः नाप नक्सा कार्य सम्पन्न गरी मिति २०७७ आषाढ १० गते ७ दिने सूचनासमेत प्रकाशन भई हालसम्म दर्ता प्रक्रियाबाट जग्गाधनी पुर्जा र श्रेस्ता बनाउने काम भइरहेकोमा जति पनि यस २ नं नापी टोलीबाट सम्बन्धित जग्गाधनीहरुले जग्गाधनी पुर्जा बनाइसक्नु भएको छ । ती जग्गाधनी पुर्जा यही मिति २०८१ साल मंसिर ७ गते शुक्रवार दिनको १:०० बजेबाट वितरण कार्यक्रम हुन गइरहेकोले सो मिति वा सो मितिबाट यहाँहरुले आ–आफ्नो जग्गा सम्बन्धी सम्पूर्ण प्रमाणहरु (साविक सक्कल जग्गाधनी पुर्जा र नागरिकता)सहित यस २ नं नापी टोली बिर्तामोड(भाटभटेनी उत्तर पञ्चकन्या प्लटिङ) मा सम्पर्क गरी प्रतिपुर्जा रु.२५/– को राजस्व तिरी पुर्जा लिनुहुन सूचित गरिन्छ ।

किशोरकुमार पौड्याल
वडा अध्यक्ष

बिर्तामोड नगरपालिका २ नं वडा कार्यालय

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको

१५ दिने सूचना

सधियार पूर्वः श्री कमला उप्रेती, पश्चिमः श्री सन्जु खनालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री तारादेवी मिश्रले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण इजाजतपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जिमिन मिति
बिर्तामोड न.पा ४	१७९०१ २०	७४५	३३८. ३०	२०८१/ ०६ /१३	२०८१/ ०६ /१०	२०८१/ ०८/०२

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

टिकेर काम गर्न देऊ

बिर्तामोड नगरपालिका र कचनकवल गाउँपालिका यतिखेर प्रमुख प्रशासकीय अधिकृतविहीन रहेको समाचार प्रकाशित भएको छ । बिर्तामोड नगरपालिकामा करिव डेढ महिनादेखि प्रमुख प्रशासकीय अधिकृत छैनन् भने कचनकवल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतले छोडेर हिडेको करिव तीन साता हुन लाग्यो ।

बिर्तामोडका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडाले गत असोज १७ गते सरुवा लिएर जिल्ला समन्वय समिति भक्तपुर गएपछि उनको ठाउँ रिक्त छ । करिव डेढ महिना भइसक्दा पनि अब नयाँ प्रमुख प्रशासकीय अधिकृत को आउने भनेर टुंगो लागेको छैन ।

उता कचनकवल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुण्यप्रसाद पौडेल कात्तिकको दोस्रो साता छोडेर हिडेका हुन् । उनले कचनकवलमा करिव एक महिना मात्र काम गर्न सके । सुवाषचन्द्र सुमनपछि उनी प्रमुख प्रशासकीय अधिकृत भएर आएका थिए । सुमनले करिव १० महिना काम गरेका थिए । त्यसअघिका हिराकुमारी यादव र कुमार बस्नेतले पनि लामो समय काम गर्न सकेनन् ।

बिर्तामोडमा विनोदकुमार न्यौपाने गएपछि राधाकृष्ण खतिवडा आएका थिए । उनले ६ महिनामै सरुवा लिएर गए । बिर्तामोड नगरपालिकामा यसअघिका प्रमुख प्रशासकीय अधिकृतहरु पशुपति खतिवडा र विनोद न्यौपानेले मात्र टिकेर काम गर्न सकेका थिए । राधाकृष्ण खतिवडाजस्तै गणेश दाहालले पनि टिकेर काम गर्न सकेनन् ।

प्रमुख प्रशासकीय अधिकृतले टिकेर काम गर्न नसकेको समस्या बिर्तामोड र कचनकवलमा मात्र होइन । जिल्लाका अन्य पालिकाहरु पनि यो समस्याबाट प्रभावित छन् । एकपटक मेचीनगर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत टिक्न नसक्ने स्थानीय तहको रूपमा बदनाम भइसकेको थियो । कार्यालय प्रमुख सबैभन्दा धेरै परिवर्तन भइरहने स्थानीय तहमध्ये मेचीनगर सबैभन्दा अग्रस्थानमा रहेको थियो । प्रमुख प्रशासकीय अधिकृतका रूपमा टेककुमार रेग्मी आएपछि पनि मेचीनगर नगरपालिका कार्यालयको हालत उही थियो ।

रेग्मीअघि राजकपुर चम्लागाई मेचीनगरको प्रमुख प्रशासकीय अधिकृतका रूपमा आएका थिए। तर आएको केही महिना पनि नहुँदै नगरपालिकाका जनप्रतिनिधिहरूले नै उनलाई खेदाए। चम्लागाईअघि मेचीनगरमा सुरेश दाहाल प्रमुख प्रशासकीय अधिकृतका रूपमा आए। उनी पनि धेरै समय टिक्न सकेनन्। उनले पनि पाँच महिनामै सरुवा लिएर अन्यत्र गएका थिए।

दाहालपछि लामो समय मेचीनगर प्रमुख प्रशासकीय अधिकृतविहीन बन्यो । जसोतसो गरेर आँट गरेर भए पनि आएका प्रमुख प्रशासकीय अधिकृत टिक्नै सकेनन् । प्रमुख प्रशासकीय अधिकृतका रूपमा आएका सहदेव रायमाझी, दिनानाथ लम्साललगायतको पनि छोटो समयमा नै सरुवा भएको थियो।

प्रमुख प्रशासकीय अधिकृतको समस्या शिवसताक्षी , भद्रपुर , हल्दिवारीलगायतका पालिकामा पनि देखिएको छ । आखिर सबै पालिकाहरुमा त्यस्तो किन हुन्छ ? जनप्रतिनिधिहरुले नीतिनियम नबुझेर त्यस विपरित काम गर्न दबाब दिन खोज्दा प्रमुख प्रशासकीय अधिकृतहरु नटिकेका हुन् । आफ्नो अनुकूलमा काम गराउने गरी प्रमुख प्रशासकीय अधिकृत ल्याएर जनप्रतिनिधिहरुले स्वार्थ पूरा गर्न खोजेको गुनासो व्याप्त छ । यदि त्यसो हो भने जनप्रतिनिधिहरु सुध्रिन जरुरी छ । जनप्रतिनिधि एक्लैले पालिका चलाउन सक्ने होइन । त्यसकारण मिलेर चलाउनु होस् । नजानेको कुरा सिक्ने गर्नुस् ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसंगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

अराजकता र भिड नियन्त्रण आवश्यक

• प्रेमराज सिलवाल

नेपालमा नागरिक र राजनीतिक स्वतन्त्रताको नाममा गैरकानुनी कार्य गर्ने अराजक प्रवृत्ति मौलाउँदै गएको छ । आफूलाई लागेको राजनीतिक विचार, सङ्गठन र पार्टीमा क्रियाशील हुन संविधानले सबैलाई अधिकार दिएको भए तापनि कानुनभन्दा माथि गएर अराजक हुने छुट कसैलाई छैन । राजनीतिक विरोध र नागरिक आन्दोलनको अधिकार संविधानले दिएको छ । यद्यपि त्यसका दायरा तथा कानुनी सीमा उल्लंघन गरेर मुलुकको शान्ति सुरक्षा, अर्को व्यक्तिको संवैधानिक तथा कानुनी अधिकार, हक र हितमा प्रतिकूल असर पार्ने, हानिनोक्सानी र क्षति पुऱ्याउने अधिकार कसैलाई पनि छैन ।

आफ्ना निजी हित र स्वार्थ जोडिएका विषयलाई राजनीतिक र सार्वजनिक चासोको नाम दिएर सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा गैरकानुनी तरिकाले अर्कालाई हानिनोक्सानी गर्ने, सार्वजनिक शान्ति सुरक्षामा खलल पार्ने, व्यक्तिको इज्जत प्रतिष्ठामा आँच पुऱ्याउने, भ्रम फैल्याउने, कम्प्युटर र प्रविधिको दुरुपयोग गरी गैरकानुनी कार्य गरी समाजमा अराजकता फैल्याउने कार्य भएका छन् । त्यस्ता गैरकानुनी कार्य जो कसैले गरेको भए पनि रोक्नु आवश्यक छ । कानुनले रोकेको कार्य गर्ने अधिकार कानुनी राज्यमा कसैलाई हुँदैन, छैन । नेपालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद २ मा सार्वजनिक शान्तिविरुद्धको कसुरको व्यवस्था रहेको छ । जसको दफा ६० मा गैरकानुनी भेला गर्न नहुने, दफा ६३ मा हुलदङ्गा गर्न नहुने, दफा ६५ मा सार्वजनिक शान्ति खलल पार्न नहुने, दफा ७० मा झुटा अफवाह फैलाउन नहुने भनिएको छ । केही समयदेखि सार्वजनिक शान्ति खलल पार्ने र गैरकानुनी गतिविधि गर्ने प्रवृत्ति बढेका छन् । त्यस्ता गैरकानुनी कार्य गर्ने कुनै पनि व्यक्ति वा संस्थालाई सरकारले कानुन अनुसार नियन्त्रण र कारबाही गर्नु आवश्यक देखिएको छ ।

राजनीतिक स्वतन्त्रताका नाममा सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति र घटना बढ्दै गएका छन् । हालै मात्र प्रधानमन्त्री केपी शर्मा ओलीको चरित्र हत्या गर्ने र समाजमा भ्रम तथा अफवाह फैलाउने गलत मनसायका साथ झुटा सामग्री प्रसारण गर्ने कार्य गरियो । नेपालको कानुनले त्यस्ता कार्यलाई गैरकानुनी भनेको छ । विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ ले पनि कम्प्युटर र कम्प्युटरजन्य प्रविधिको दुरुपयोग र हानिनोक्सानी गर्ने कार्यलाई गैरकानुनी मानेको छ । त्यस ऐनको दफा ४७ (१) मा 'कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपियाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने छ' उल्लेख छ । यसरी विरोधका नाममा अराजकता र गैरकानुनी कार्यलाई कानुनले प्रस्टसँग रोकेको देखिन्छ । तथापि निजी स्वार्थ र हित पूर्तिका लागि त्यस्ता गैरकानुनी कार्य भइरहेका छन् । त्यस्ता गैरकानुनी कार्यलाई पनि केहीले आन्दोलनको नाम दिन खोज्दै छन् ।

कुनै व्यक्ति विशेष वा संस्था विशेषको निजी सरोकार र हित जोडिएका मुद्दा र भिडको अराजकता 'आन्दोलन' हुन सक्दैनन् । आन्दोलन भन्ने बित्तिकै त्यहाँ आमनागरिक, जनता र सार्वजनिक चासो तथा सरोकार भएका राजनीतिक, कानुनी, संवैधानिक, सामाजिक हित र जनताका मुद्दा प्रत्यक्ष जोडिएको हुनु पर्छ । निजी हित र सरोकारले गरिएका अराजकता, हिंसा र गैरकानुनी कार्यले व्यक्ति तथा समाजलाई हानिनोक्सानी दिने भएकाले त्यस्ता गतिविधि नियन्त्रण गर्नु आवश्यक छ । अराजकता, हिंसा, अपराध र भिडको बलमा जस्तोसुकै माग तथा कार्य गर्ने प्रवृत्ति बढेकाले यसमा सरकारले कडाइ गर्नु आवश्यक भएको हो ।

खासमा आन्दोलन एउटा व्यापक अर्थ, क्षेत्र, महत्व र दायरा बोकेको दार्शनिक, राजनीतिकशास्त्रीय तथा सार्वजनिक-सामाजिक सरोकार भएको विषय हो । आन्दोलनमा मान्छे आएका हुन्छन् तापनि मान्छेको भिड मात्र आन्दोलन होइन । कहिलेकाहीँ थोरै र कुनै खास अवस्थामा एउटै व्यक्तिले पनि आन्दोलन गर्न सक्छन् । अराजकता, हिसा, उत्तेजना, भड्काउ र द्वन्द्वहरू आफैँमा सबै अवस्थामा आन्दोलनको परिभाषामा पर्दैनन् । व्यक्ति वा समूहका अनेकौँ आफ्ना हित र सरोकार जोडिएका प्रत्येक विषय जहिल्यै आन्दोलन हुने होइन । जेलाई पनि 'आन्दोलन' भन्ने र त्यसै अनुसार गैरकानुनी र अराजक कार्य गर्ने प्रवृत्ति लोकतन्त्रका नाममा क्षम्य हुन सक्दैन ।

आन्दोलन हुनका लागि पूर्वसर्त भनेको सार्वजनिक र सामाजिक चासोको मुद्दा र माग हुनु हो । आन्दोलन असम्भव र अस्पष्ट माग राखेर गरिँदैन । सरकारले लोकतान्त्रिक र कानुनी बाटोबाट कसैको अधिकार नखोसेको तथा कानुनी राज्यको मान्यता अनुसार गरेको कुरामा निजी हितमा कोही कसैलाई विरोधका नाममा सामाजिक सञ्जालको दुरुपयोग गर्ने अधिकार हुँदैन । अर्कोतर्फ सहकारी ठगीसँग प्रत्यक्ष जोडिएका आरोपितलाई अदालतको पक्राउ पुर्जी अनुमतिका आधारमा गरिएको कानुनी कारबाही प्रक्रियाविरुद्ध प्रतिरोधका नाममा भएको अराजकता र भिडको कुनै औचित्य देखिन्न । जस्तोसुकै विरोधलाई आन्दोलन भन्ने र ठान्ने प्रवृत्ति नेपालमा देखिन्छ, त्यो गलत हो । संकुचित बुझाइ हो । विश्वमा अनेकौँ राजनीतिक, सामाजिक, सांस्कृतिक तथा कानुनी परिवर्तनका लागि आन्दोलनहरू भए । सन् १६४८ अघि युरोपमा ३० वर्षसम्म हिंस्रक आन्दोलन भयो । वेष्टफालिया सन्धिबाट युरोपमा शान्ति छायो । चीनमा सन् १९४९ अघिको संघर्षले जनवादी गणतन्त्र ल्यायो । सन् १९६५-१९७५ सम्म भएको सांस्कृतिक क्रान्तिले चीनमा व्यापक सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक परिवर्तन गऱ्यो । दक्षिण अफ्रिकामा सन् १९९० अघिको रङ्भेदविरुद्धको संघर्षले विभेदको पूर्ण रूपमा अन्त्य गरायो । अमेरिकी स्वतन्त्रता संग्राम सन् १७७६ बाट अमेरिका बेलायती शासनबाट मुक्त भयो । इस्ट इन्डिया कम्पनीको दासबाट सन् १९४७ मा भारत स्वतन्त्र भयो । यस्ता अनेका खालका क्रान्ति तथा आन्दोलनहरू भूराजनीतिमा देखिन्छन् । जसले मुलुकहरूलाई आमूल परिवर्तन गरायो । जसमा कतै हिंसात्मक र कतै अहिंसात्मक आन्दोलनहरू भए, गरिए । भारतमा महात्मा गान्धीको नेतृत्वमा भएको आन्दोलन पूर्णतः अहिंसात्मक र शान्तिपूर्ण थियो । शान्तिपूर्ण तरिकाबाट त्यति बेलाको बेलायती सत्ताको नियन्त्रण ढाल्न सकियो । नागरिकका आधारभूत अधिकार हनन भएको र संवैधानिक तथा सामाजिक परिवर्तनका लागि विश्वमा त्यस्ता क्रान्तिहरू भएका हुन् । अहिले ती देशहरू शान्तिपूर्वक विकास र समृद्धिमा अगाडि बढेका छन् ।

नेपालमा ३० वर्षसम्म पञ्चायती निरंकुशतामा नागरिकलाई बोल्ने छुट थिएन । बोल्ने, लेख्ने र विरोध गर्ने अधिकार पञ्चायतमा थिएन भन्नुको सिधा अर्थ राजनीतिक, सार्वजनिक सरोकारका र सत्ताको विरोधमा बोल्न, पत्रपत्रिकामा लेख्न र राजनीतिक सङ्गठन खोलेर विरोध गर्न दिइएन । अहिले मुलुकमा लोकतन्त्र छ । संविधानले बोल्ने तथा शान्तिपूर्वक विरोध गर्ने अधिकार सबैलाई दिएको छ । त्यस्तो अवस्थामा अराजकता, भिड र हुलहुज्जत गर्नु आवश्यक छैन ।

असल र समृद्ध लोकतान्त्रिक गणतन्त्रमा गैरकानुनी क्रिया र गतिविधि गर्ने छुट भने हुँदैन । विरोध तथा आन्दोलनको नाममा भएको अराजकता र गैरकानुनी कार्यलाई नियन्त्रण गर्नु अत्यावश्यक देखिन्छ । अर्कोतर्फ समाजमा रहेको विरोध र आन्दोलनको भद्दा, सतही र संकुचित धारणा बदल्न आवश्यक छ । मर्यादित, रचनात्मक र सीमाभित्र बसेर गर्ने विरोधलाई लोकतन्त्रमा स्वागत गरिने भए पनि विरोधका नाममा भएका गैरकानुनी कार्य र अराजकता चाहिँ नियन्त्रण गर्नु अनिवार्य भएको छ । सामाजिक सञ्जालको दुरुपयोग गर्ने र साइबरजन्य अपराध गर्ने तथा गैरकानुनी कार्य गर्ने छुट संविधान तथा प्रचलित कानुनले कसैलाई दिएको छैन । राजनीतिक स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्दा त्यसका सीमा र दायरा नाघ्ने अधिकार हुँदैन ।

हिमालसँग जोडिएको पृथ्वीको भविष्य

• भानु पराजुली

विकास र समृद्धिका नाममा भएका अप्राकृतिक कर्मले पृथ्वीको जलवायु अभ्यासमा प्रतिकूलता आउँदै गएको छ । जलवायु परिवर्तन अब केवल पर्यावरणीय संकट मात्र होइन, यो मानव सभ्यताको अस्तित्वका लागि खतरा बनिसकेको भन्दै अजरबैजानको बाकुमा जारी कोप-२९ सम्मेलनमा अति कम विकसित र विकासोन्मुख मुलुकले आवाज उठाएका छन् । उनीहरूले औद्योगिक राष्ट्रहरूको कार्बन उत्सर्जनका कारण वातावरणीय समस्या आएको भन्दै जलवायु न्यायको माग गरेका छन् । नेपाल र अन्य वातावरणीय चुनौती भोगिरहेका मुलुकले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र अनुकूलनका लागि पर्याप्त वित्तीय र प्राविधिक सहयोगको आवश्यकतामा जोड दिएका छन् । सम्मेलनमा नेताहरूले जलवायु परिवर्तनका बहुआयामिक असर कम गर्न र कमजोर मुलुकलाई सहयोग पुऱ्याउन सहकार्य र जलवायु वित्त व्यवस्थापनमा जोड दिएका छन् । हिमाली र टापु राष्ट्रहरूका नेताले आफूहरूले कुनै भूमिका नगरे पनि अन्य मुलुकको उत्सर्जनका कारण उनीहरू प्रभावित भएको भन्दै क्षतिपूर्ति माग गरेका छन् ।

नेपालका राष्ट्रपति रामचन्द्र पौडेल पर्वतीय र सामुद्रिक मुलुकहरूलाई मिलेर साझा कार्यक्रम र सहकार्य गर्न आह्वान गरी नेपाल फर्किसक्नुभएको छ । नेपालले पर्वतीय क्षेत्रको जोखिमका विषयमा हिमालको हिउँ पग्लिनु र हिमताल विस्फोटको खतरा, वैश्विक समुदायको ध्यान आकर्षित गर्ने प्रयास 'ब्लु जोन' र 'ग्रिन जोन' मा उठाइरहेको छ । राष्ट्रपति पौडेलले नेपालमा जलवायु परिवर्तनका कारण हालै पाँच सयभन्दा बढी व्यक्तिले ज्यान गुमाएका र ठुलो आर्थिक हानि भएको बताउनुभयो । नेपालको पर्वतीय मुद्दालाई उच्च प्राथमिकतामा राखेर कोप-२९ मा नेपालले प्रभावकारी रूपमा आफ्ना मुद्दा राख्न सकेको कुरा आइरहेको छ । कोप-२९ सम्मेलनमा 'ब्लु जोन' र 'ग्रिन जोन' का बिच जलवायु परिवर्तन र त्यसका असरको समाधानका लागि गहिरो छलफल हुनु पनि सकारात्मक हो । यसको प्रभाव सबै देशमा गम्भीर र दूरगामी देखिन्छ । नेपाल जस्तो विकासशील देशमा त यसको असर अझ गहिरो र चिन्ताजनक बनेको छ । विशेष गरी जलवायु परिवर्तनको समस्या समाधान र न्यायका उपायमा जलवायु वित्तको भूमिका महत्वपूर्ण छ । यो समस्या समाधानमा मात्र सीमित नरही यसका प्रभावलाई विवेकपूर्ण र समानतापूर्वक सम्बोधनसमेत गर्नुपर्ने छ ।

सुन्दरतामाथिको संकट

नेपालको सुन्दर भौगोलिक संरचना, प्राकृतिक छटा तथा विविधतामाथि जलवायु परिवर्तनको असर गहिरो गरी परेको छ । यहाँका हिमनदी तीव्र गतिमा पग्लिरहेको छ भने अनियमित वर्षा र मौसमको परिवर्तनले पनि जीवनको आधारभूत संरचनामा विकृति ल्याएको छ । नेपालका उच्च हिमाली क्षेत्रबाट तापक्रमको वृद्धिले बाढी र पहिरोको घटनालाई तीव्र बनाएको छ । यसले लाखौँ मानिसको जीविका र सुरक्षा जोखिममा पारेको छ । विशेष गरी तराई क्षेत्रमा बारम्बार आउने बाढी र सुक्खा समस्याले कृषिमा ठुलो गिरावट ल्याएको छ भने नेपालको अर्थतन्त्रको मेरुदण्ड रहेको कृषि पनि अब जलवायु महासंकटमा पर्न थालेको छ ।

कृषि र खाद्य संकट

नेपालको कृषि क्षेत्रमा जलवायु परिवर्तनले खाद्यान्न उत्पादनमा ठुलो गिरावट ल्याएको छ । धान, मकै, गहुँ जस्ता प्रमुख बालीमा कमी आएको छ । यसले खाद्य सुरक्षामा गम्भीर समस्या ल्याएको छ । जलवायु परिवर्तनका कारण असामान्य मौसमी परिवर्तन र बाढीका कारण किसानका बाली नष्ट भएका छन् । यसले खाद्य संकट उत्पन्न गरेको छ । ५५ प्रतिशत किसान परिवार अहिले खाद्य अभावको सामना गर्दै छन् । यस्तो अवस्थामा जलवायु वित्तीय स्रोतहरूको प्रभावकारी उपयोग हुन सके दिगो तथा जलवायुमैत्री कृषि अभ्यास र खाद्य सुरक्षा सुधारमा मद्दत गर्न सक्छ तर यसको नोक्सानीको मूल्याङ्कन र आकलन गरी प्रमाण जुटाएर अन्तर्राष्ट्रिय न्यायिक मञ्चमा स्पष्ट रूपमा राख्न सक्नुपर्ने हुन्छ ।

पर्यटन र जैविक विविधता संकट

विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको नेपालको पर्यटन क्षेत्र पनि जलवायु परिवर्तनको चपेटामा परेको छ । हिमालयका हिमनदीहरू पग्लिनु र जैविक विविधताको ह्रासले साहसिक पर्यटन र ग्रामीण पर्यटनमा ठुलो असर पारेको छ । पर्यटकीय गन्तव्य जस्तै सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जमा जैविक विविधता पनि संकटमा पर्न थालेका छन् । यसले स्थानीय समुदायको आम्दानी र उनीहरूको सामाजिक स्थिति पनि संकटमा पारेको छ । यहाँ पनि जलवायु वित्तको योगदान आवश्यक छ, जसले जैविक विविधता संरक्षण र हरित पर्यटनको प्रवर्धनमा सहयोग पुऱ्याउन सक्छ । यहाँ पनि 'इभिडेन्स' का कुरामा प्रस्ट भने हुनै पर्छ । कसैले सित्तैमा दिँदैन, माग दाबी गर्न आफ्नो घरलाई 'इन्ट्याक' राख्न पनि जान्नु पर्छ । जसले दुख भोग्छ, उसले सिक्छ र बुझ्छ भन्छन् ।

स्वास्थ्य क्षेत्र र सामाजिक असमानता

स्वास्थ्य क्षेत्रमा पनि जलवायुको गम्भीर असर परेको छ । गर्मी र वर्षा असमान हुँदा कुपोषण र पानीको कमी जस्ता स्वास्थ्य समस्या बढिरहेका छन् । गरिबी र असमानताले विशेष गरी महिला र बालबालिकाको स्वास्थ्यमा संकट ल्याएको छ । गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य सेवाको पहुँचमा कठिनाइ भइरहेको छ । यस्तो अवस्थामा जलवायु न्याय र समानताको अवधारणाले विशेष प्राथमिकता दिनुपर्ने छ, जहाँ सामाजिक रूपमा कमजोर वर्गलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ ।

कोप-२९ मा नेपालको भूमिका र चुनौती

अजरबैजानको बाकुमा आयोजित कोप-२९ सम्मेलनमा नेपालले जलवायु परिवर्तनको चुनौतीलाई गम्भीरतासाथ लिइरहेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सम्मेलनमा साना हिमालय राष्ट्रहरूको विशेष अवस्थालाई प्राथमिकता दिनुपर्ने विषय उठाउनुभएको छ । उहाँले 'लस एन्ड ड्यामेज फन्ड' को व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नका लागि विकसित राष्ट्रहरूको ऐतिहासिक जिम्मेवारीको स्वीकारोक्ति माग्नुभयो । नेपालले जलवायु न्याय र समानताको पक्षमा आवाज उठाउँदै आएको छ तर यसले प्रमुख चुनौती सामना गर्दै आएको छ । जलवायु वित्तको असमान वितरण र अपारदर्शिता जस्ता विषय प्रमुख समस्याका रूपमा हुन सक्छन् ।

जलवायु वित्तको महत्व

जलवायु वित्त भनेको विकासशील देशलाई जलवायु परिवर्तनसँग जुध्नका लागि आवश्यक स्रोत र सहयोग उपलब्ध गराउनु हो । जलवायु वित्तीय स्रोतहरूको वितरण असमान छ । यसको कार्यान्वयन प्रक्रिया झन्झटिलो भएको भन्दै यसपालि बाकुमा आवाज उठिरहेको पनि छ । जलवायु वित्तले मात्र समस्याको समाधान गर्न सक्दैन । यसका लागि दिगो र समावेशी रणनीति आवश्यक छन् । जलवायु वित्तको प्रभावकारी उपयोग गर्न पारदर्शिता र जनसहभागितामा जोड दिनु पर्छ ।

जलवायु न्याय र नीति एवं अन्तर्राष्ट्रिय सहयोग

नेपालले जलवायु परिवर्तनको समाधानका लागि विभिन्न रणनीति अपनाउन आवश्यक छ । दिगो कृषि अभ्यासको प्रवर्धन, जैविक विविधताको संरक्षण र जलवायु अनुकूलनका कार्यक्रम महत्वपूर्ण छन् । स्वास्थ्य क्षेत्रमा विशेष ध्यान दिँदै कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सरकारले स्थायी कार्यक्रम सञ्चालन गर्नु पर्छ । १६ औँ योजना, प्रमुख राष्ट्रिय कार्यक्रम एवं गौरवका योजनाको पनि जलवायुमैत्री अर्थात् प्रकृतिमैत्री विकासको विधि तथा रणनीति अपनाउँदै जलवायु वित्तको समुचित उपयोग गर्न समुदायमा आधारित योजना कार्यान्वयन गर्न जरुरी छ । पहिला जलवायु वित्तमा न्यायोचित अधिकार स्थापित गर्नु पर्छ भने उपलब्ध सहायताको समुचित उपयोग गर्न सुशासन र आर्थिक अनुशासन पनि उत्तिकै आवश्यक छ । भ्रष्टाचार, कुशासन र दण्डहीनताको पगरी गुथिरहेको नेपालका शासकले यो विषयलाई गम्भीर रूपमा लिन आवश्यक छ । नेपाल जस्ता साना मुलुकको हित सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ । जलवायु न्यायको सिद्धान्तलाई ध्यानमा राखेर विकसित राष्ट्रहरूले जलवायु वित्तको स्रोतलाई न्यायपूर्ण र पारदर्शी बनाउनु आवश्यक छ । जलवायु परिवर्तनका प्रभावले सबैलाई समान रूपमा असर गरेको छैन । यसको समाधानका लागि सबैलाई समान अवसर उपलब्ध गराउनु अत्यावश्यक छ ।

अन्त्यमा जलवायु परिवर्तनका समस्या हल गर्न केवल सरकार र अन्तर्राष्ट्रिय संस्थाले मात्र होइन, प्रत्येक नागरिकले आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्छ । जलवायु न्याय र समानता सुनिश्चित गर्ने लक्ष्यमा आमनागरिकको सहभागिता तथा ऐक्यबद्धता जरुरी रहन्छ । हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने अवधारणालाई व्यवहारमा उतार्दै जलवायु समाधानलाई केवल जलपमा सीमित नगरी दिगो विकास र न्यायपूर्ण समाधानतर्फ बढ्नुपर्ने समय आएको छ ।

लुङा पत्रिकाले रजत वर्ष विशेषाङ्क विमोचन गर्दै



दमक(प्रस) । लुङा त्रैमासिक पत्रिकाले आफ्नो प्रकाशनको २५ वर्ष पूरा गरेको अवसरमा लुङा रजत वर्ष विशेषाङ्क २०८१ बिमोचन गर्ने भएको छ ।

लुङा प्रकाशन परिवारको बिहीबार बसेको बैठकले आउँदो मंसिर २१ गते शुक्रबार एक समारोहका बीच दमकमा लुङा रजत वर्ष विशेषाङ्क २०८१ बिमोचन गर्ने निर्णय गरेको पत्रिकाका प्रकाशक/सम्पादक सेसेमी से. नाल्बोले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

पत्रिका २५ वर्ष अघि पाँचथरको साविकमौवा गाविस, हाल तुम्बेवा गाउँपालिका २ स्थायी ठेगाना राखी प्रकाशन सुरु भएको थियो । दमक १ सम्पर्क कार्यालय रहेको लुङा त्रैमासिक पत्रिकाले आफ्नो प्रकाशनको २५ वर्ष पूरा गरी विशेषाङ्क प्रकाशन गरेको हो ।

सोही समारोहका बीच दुई जना पत्रकारलाई याक्थुङ सेनाल्बो पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरिने विज्ञप्तिमा उल्लेख छ ।

याक्थुङ सेनाल्बो पत्रकारिता पुरस्कार २०७९ र २०८० बाट क्रमशः इत्तुङ्साङ समसामयिक पत्रिकाका प्रकाशक/सम्पादक थाकुहाङ मेरिङ र धड्कन पत्रिका (भारत, आसाम) का प्रकाशक/सम्पादक लोकमान सुब्बा आङशदेम्बे पुरस्कृत हुने छन् । पुरस्कृत हुने पत्रकारद्वयलाई नगद २० हजार रूपैयाँ राशिसहित ताम्रपत्र प्रदान गरिने छ ।यसअघि २०७४ देखि ०७८ सम्म सो पुरस्कार याक्थुङ साम्नी यम्बुगेनले पाँचथरको फिदिमबाट वितरण गरेकोसमेत विज्ञप्तिमा उल्लेख छ ।

अस्पताललाई सेवा शुल्क सार्वजनिक गर्न परिपत्र

झापा(प्रस) ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी मेडिकल कलेज तथा सरकारी अस्पताललाई परिपत्र गरेको छ ।

तोकिएकोभन्दा बढी शुल्क लिएको गुनासो सुनिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सबैले थाहा पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन भनेका थिए। कतिपय नागरिकले शुल्कबारे थाहा नै नहुने गरेको गुनासो गरेपछि मन्त्री पौडेलले शुल्क थाहा पाउने गरी सार्वजनिक गर्न पहल गरेका थिए ।

मन्त्री पौडेलले चासो लिएपछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न परिपत्र गरेको हो ।

मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले सहजरुपमा जानकारी पाउने व्यवस्था गर्न भनेको छ । मन्त्रालयले पठाएको पत्रमा शल्यक्रिया शुल्क खुलाउन भनिएको छ । यसैगरी सबै खालका शय्याको शुल्क विवरण, रेडियोलोजी सेवा तथा ल्याबको शुल्क विवरणसमेत खुलाउन भनिएको छ ।

यसैगरी टिकटसहितका अरु सेवाको विवरण खुलाएर सेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले पत्राचार गरेको छ ।

बाढीबाट भएको क्षतिको विवरण सङ्कलन गरिँदै

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

झापा(प्रस) । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन थालेको छ ।

गत असोजको बाढीपहिरोले देशभर भएको क्षतिको विवरण सङ्कलन प्रदेशस्थित कृषि कार्यालयमार्फत थालिएको उक्त मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले बताए ।

वास्तविक किसानको नोक्सानीको विवरण सङ्कलन भएपछि उनीहरुलाई विभिन्न दातृ निकाय तथा विकास साझेदारसँग समन्वय गरी सहयोग गर्ने सरकारको योजना छ ।

सूचना अधिकारी जोशीका अनुसार खोटाङ, झापा, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपुर, बागलुङ, कैलाली, लमजुङ, पर्वत, कास्की, स्याङ्जा, सिन्धुली, मकवानपुर र काभ्रेपलाञ्चोक जिल्लामा क्षति भएको छ । बाढीबाट रु. छ अर्बको क्षति भएको मन्त्रालयको अनुमान छ ।

वायु प्रदूषणका कारण भारतमा विद्यालय बन्द

एजेन्सी । भारतको राजधानी दिल्ली क्षेत्र र वरपरको वायु प्रदूषणका कारण विद्यालयहरू बन्द गरिएको छ । विद्यार्थीलाई घरबाटै अनलाइनबाट शिक्षा दिन सुरु गरिएको हो ।

केही दिनदेखि सहर गम्भीर वायु प्रदूषणसँग लडिरहेको छ । सहर र बाहिरी इलाकामा प्राथमिक र माध्यमिक विद्यालयहरू सावधानीका रूपमा बन्द गरिएका छन् । सहरका दुई ठुला विश्वविद्यालयहरूले खराब हावाको गुणस्तरलाई ध्यानमा राख्दै सबै कक्षाहरू अनलाइन सञ्चालन गर्ने निर्णय गरेका छन् ।

१७ प्रतिशतले राजस्व वृद्धि

झापा(प्रस) ।चालू आर्थिक वर्षको चार महिनाको राजस्व सङ्कलन गत आर्थिक वर्षको यसै अवधिको तुलनामा करिब १७ प्रतिशतले वृद्धि भएको छ।

अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा दुई खर्ब ७६ अर्ब राजस्व सङ्कलन भएको थियो। चालू आर्थिक वर्षको चार महिनामा ३ खर्ब २३ अर्ब २४ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ।

यसैमध्ये चालु वर्षको प्रथम चार महिनाको साउन, भदौ, असोज र कार्तिकमा ४ खर्ब ६ अर्ब ३७ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकोमा ३ खर्ब २३ अर्ब २४ करोड रुपैयाँ अर्थात् लक्ष्यको करिब ८० प्रतिशत राजस्व सङ्कलन भएको छ। यो गत वर्षको यसै अवधिको राजस्व सङ्कलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो।

पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७६/७७ मा ११ खर्ब १२ अर्ब ३ करोड रुपैयाँ लक्ष्य रहेकोमा ७१.३८ प्रतिशत प्रगति भएको थियो।

त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा १० खर्ब ११ अर्ब ७६ करोड रुपैयाँ लक्ष्य रहेकोमा ९२.५० प्रतिशत प्रगति हासिल भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा ११ खर्ब ८० अर्ब ६० करोड रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकोमा ९०.२४ प्रतिशत प्रगति हासिल भएको थियो।

त्यसैगरी आर्थिक वर्ष २०७९/८० मा १४ खर्ब ३ अर्ब १५ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकोमा ६८.२३ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकोमा ७४.५४ प्रगति भएको थियो।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक राजस्व सङ्कलनको लक्ष्य १४ खर्ब १९ अर्ब ३० करोड रहेको छ। यो लक्ष्य भनेको गत आर्थिक वर्षको यथार्थ असुलीको तुलनामा करिब ३४ प्रतिशतको वृद्धि हो।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्रोत र खर्च व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचरण, अन्तर मन्त्रालय समन्वय, भन्सार बिन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायतका पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक भएको बताए ।

अर्थमन्त्री पौडेलले कर सङ्कलनको सिस्टम ब्रेक गर्न खोज्नेलाई कानुन बमोजिम हदैसम्मको कारबाही गर्न समेत निर्देशन दिए । अर्थ सचिव डा. रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी अघि बढ्ने बताउँदै राजस्व सङ्कलन रणनीति कार्यान्वयनमा जोड दिए ।

त्यसैगरी राजस्व सचिव दिनेशकुमार घिमिरेले राजस्वको लक्ष्यलाई ध्यान दिएर थप मेहनत गरेर अघि बढ्ने बताए ।

अर्थ मन्त्रालयमा प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भए तापनि चालु आर्थिक वर्षको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबिच समन्वय तथा सहयोग जरुरी रहेको र त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताए ।

भन्सार विभागका महानिर्देशक हरि शरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व सङ्कलनका क्षेत्रमा देखापरेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताएका थिए ।

कोशी प्रदेश सरकारको ६ पन्ने आचारसंहिता

झापा(प्रस) ।मानव तस्करीको आरोपमा आफ्ना मन्त्री पक्राउ परेपछि कोशी प्रदेश सरकारले मन्त्रिपरिषद्का सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता सार्वजनिक गरिएको छ ।

कोशी प्रदेशका तत्कालीन मन्त्री लिलाबल्लभ अधिकारी मानव तस्करीको आरोपमा पक्राउ परेका छन् । तर, उनै अधिकारी मन्त्री हुँदा कोशी प्रदेश मन्त्रिपरिषद्को बैठकले मन्त्रिपरिषद् सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता पारित गरेको थियो ।मन्त्रिपरिषद् सदस्यको आचरण र व्यवहारका विषयमा आधारभूत मानकहरू निर्धारण गरी नियमन गर्न आचारसंहिता जारी गरिएको हो । एक महिना अगाडि पारित उक्त आचारसंहिता मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको छ ।

आचारसंहितामा मन्त्रीहरूले मुख्यमन्त्रीलाई सोधेरमात्रै प्रदेश राजधानी विराटनगर बाहिर जानुपर्ने उल्लेख छ । तर, तत्कालीन मन्त्री अधिकारी जापान जाँदा पनि मुख्यमन्त्रीलाई नसोधी गएको विषय सार्वजनिक भएको थियो ।

भ्रमणको विषयमा पनि आचारसंहिताले गर्न हुने र नहुने विषय स्पष्ट पारेको छ । ‘आफ्नो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नुपर्दछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहारका साथै नेपाल सरकारद्वारा स्वीकृत ‘सामाजिक सेवाको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका २०८०’ मा भएको व्यवस्थासमेत पालना गर्नुपर्दछ,’ जारी आचारसंहितामा भनिएको छ ।

आचारसंहितामा कुनै विदेशी राष्ट्रका कूटनीतिज्ञ, कूटनीतिक प्रतिनिधिका साथै जुनसुकै अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थामा कार्यरत पदाधिकारी, प्रतिनिधि वा विदेशी नागरिक र अन्य विदेशी नागरिकसँग औपचारिक भेट गर्नु पर्ने भएमा भेटको उद्देश्यबारे जानकारी लिइ मुख्यमन्त्रीबाट पूर्वस्वीकृति लिइ नेपाल सरकारद्वारा जारी मापदण्ड बमोजिममात्र भेटघाट गर्नुपर्ने उल्लेख छ ।

‘यसरी भेटघाट हुँदा भएका छलफल तथा निर्णयबारे आफ्नो मन्त्रालयमा अभिलेख राखी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत लिखित जानकारी गराउनु पर्दछ,’ आचारसंहितामा भनिएको छ ।

यस्तै आफूले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो कारोबार निजसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा मुख्यमन्त्रीलाई जानकारी गराइ सो विषयमा हुने छलफल र निर्णयबाट अलग रहनुपर्ने, गैरकानुनी काम कारबाही गर्नु/गराउनु नहुने र त्यस्तो कार्य गर्ने उपर कानुन बमोजिम कारबाही गर्न/गराउन प्रयत्नशील रहने विषय आचारसंहितामा उल्लेख छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

‘हरेक क्रियाकलाप सदाचारपूर्ण हुनुपर्दछ ।

सदाचार विपरीतका कार्य वा सदाचार विपरीत देखिने कुनै पनि कार्य गर्नबाट सदैव अलग रहनुपर्दछ,’ आचारसंहितामा भनिएको छ, ‘आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफूले सम्पादन गर्ने कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनु हुँदैन ।’

साथै आफ्नो वा आफ्नो परिवारका सदस्य, स्वकीय तथा निजी सचिवालयका कर्मचारी वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको दुरुपयोग गर्नु वा गर्न दिनु हुँदैन भनेर पनि आचारसंहितामा उल्लेख गरिएको छ ।

आचारसंहितामा आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढाँचामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेस गर्नुका साथै सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सो विवरण वेबसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यद्यपि हालसम्म नवनियुक्त मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् ।

आचारसंहितामा मन्त्री आफैँले, कर्मचारी, स्वकीय सचिव वा आफ्नो परिवारको सदस्यमार्फत आफ्नो कामसँग सम्बन्धित व्यक्तिहरूसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानुनी रुपमा रकम प्राप्त गर्न गराउन नहुने विषय उल्लेख छ ।

यस्तै मन्त्रिपरिषद् सदस्यहरूले भ्रमणसम्बन्धी पालना गर्नुपर्ने आचारसंहिता विषय पनि स्पष्ट गरिएको छ । ‘मन्त्रीहरूले प्रदेशको राजधानी बाहिर भ्रमण गर्नुपर्ने भएमा मुख्यमन्त्रीबाट पूर्वस्वीकृति लिएर मात्र भ्रमण गर्नु पर्दछ,’ आचारसंहिताको ४ नम्बर बुँदाको (१)मा भनिएको छ । यस्तै प्रदेशभित्र भ्रमण गर्नुपर्दा सोको जानकारी लिखित रूपमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई दिनुपर्ने, आकस्मिक रूपमा भ्रमण गर्नुपर्दा वा लिखित रूपमा जानकारी गराउन नसकिने स्थितिमा मौखिक भए पनि जानकारी दिनुपर्ने आचारसंहितामा उल्लेख छ ।

भ्रमण गर्दा आफ्नो मन्त्रालयसँग सम्बन्धित कार्यक्रमका विषयमा मात्र सहभागी हुनुपर्ने, राष्ट्रिय तथा प्रादेशिक महत्त्वका कार्यक्रमहरू बाहेक अन्य कार्यक्रममा प्रदेश सरकारका एकभन्दा बढी मन्त्रीहरू एउटै मञ्चमा सहभागी हुने परम्परालाई निरुत्साहित गर्नुपर्ने विषय पनि उल्लेख गरिएको छ ।

मन्त्रीको भ्रमणको क्रममा सरकारी खर्चमा सामान्यत बढीमा चार जना (अंग रक्षक, स्वकीयर निजी सचिव र सवारी चालक) मात्र सहभागी गराउने, आफ्नो गृह जिल्लामा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता लिने प्रवृत्तिलाई सम्भव भएसम्म निरुत्साहित गर्नुपर्ने उल्लेख छ ।

निजी प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराएरमात्रै जानुपर्ने र त्यस्तो भ्रमणमा भएको कुनै पनि खर्च सरकारी कोषबाट भुक्तानी लिन नपाउने व्यवस्था गरिएको छ ।

‘भ्रमणबाट फर्केपछि आफ्नो प्रतिवेदन अनिवार्य रूपमा मुख्यमन्त्रीलाई पेस गर्नुपर्दछ । सरकारी कामको सिलसिलामा स्वदेश एवं विदेश भ्रमण गर्दा भएको खर्चको विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्दछ,’ आचारसंहितामा भनिएको छ ।

आचारसंहिताको पालना भए/नभएको मुख्यमन्त्रीले अनुगमन गर्ने र पालना नभएको पाए सचेत गराउनुपर्ने पनि आचारसंहितामा उल्लेख छ ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष सहयोगी हातहरू अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

वृष रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

मिथुन छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

सिंह प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ ।

कन्या महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

तुला आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मीन व्यापार व्यवसाय सामान्य होला । पुनर्मिलनको योग पनि रहेको छ ।